# मिति २०८१ साल कात्तिक ४ गतेको कार्यपालिका बैठकका छलफल तथा निर्णयहरु:

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** कार्यपालिकाको २०८१/०६/१८ गतेका केही निर्णय कार्यान्वयन भएको र केही निर्णयहरु कार्यान्वयनको रचणमा रहेको व्यहोरा छलफल एवं समिक्षा गरियो ।

**निर्णय नं. २ क) शिवपुरी कृषि रुपान्तरण कार्यक्रम स्वीकृती सम्बन्धमाः-** शिवपुरी गाउँपालिका र Heifer International बीच सञ्चालन हुने शिवपुरी कृषि रुपान्तरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो । विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

**ख) कार्यक्रम सञ्चालनको लागि वडा छनौट सम्बन्धमाः-** शिवपुरी गाउँपालिका र Heifer International बीच सञ्चालन हुने शिवपुरी कृषि रुपान्तरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको लागि तपसिल वमोजिमका वडाहरु छनौट गरी निम्न बमोजिमका कार्यक्रम गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | वडा नं. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, तलाखु | अकबरे खुर्सानी र बाखा | |
| २ | वडा नं. २, छाप | अकबरे खुर्सानी र तरकारी | |
| ३ | वडा नं. ३, लिखु | तरकारी र बाखा | |
| ४ | वडा नं. ४, सिक्रे | अकवरे खुर्सानी र बाखा | |
| ५ | वडा नं. ५, महाकाली | अकवरे खुर्सानी, बाखा, तोरी र दुध | |
| ६ | वडा नं. ६, समुन्द्रादेवी | अकवरे खुर्सानी र फलफुल | |
| ७ | वडा नं. ७, सुनखानी | दुध र तरकारी | |
| ८ | वडा नं. ८, थानापती | दुध र तरकारी | |

**ग) पेश्की उपलब्ध गराउने सम्बन्धमाः-** शिवपुरी गाउँपालिका र Heifer International बीच सञ्चालन हुने शिवपुरी कृषि रुपान्तरण कार्यक्रम सञ्चालनको लागि नियमानुसार पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ सडकको क्षेत्राधिकार (Right of Way) निर्धारण सम्बन्धमाः-** कार्यपालिकाको मिति २०८१/०६/१८ गतेका कार्यपालिका बैठकको निर्णय नं. ७ अनुसार गाउँपालिका क्षेत्र भित्रका सहायक सडक अन्तर्गत सडकको क्षेत्राधिकार (Right of Way) तयार गर्ने जिम्मा कार्यालयको प्राविधिक शाखालाई जिम्मा दिए अनुसार तयार भएको

CamScanner

प्रारम्भिक विवरण उपर छलफल भयो । पेश भएको मस्यौदा वडा समितिबाट छलफल भई आएपछि आगामी बैठकबाट निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ बायोमेट्रिक भेरिफिकेशन डिभाईस सम्बन्धमाः-** गाउँपालिका क्षेत्रभित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण कार्यालयबाट विनियोजित बजेटबाट खर्च गर्ने गरी प्रचलित ऐन, नियमका प्रक्रिया पुरा गरी बायोमेट्रिक भेरिफिकेशन डिभाइस आठैवटा वडामा जडान गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ५ कार्यविधि संशोधन सम्बन्धमाः-** कार्यान्वयनको चरणमा रहेको शिवपुरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ लाई संशोधन गर्न बनेको निम्न कार्यविधिलाई पास गर्ने निर्णय गरियो।

**निम्न**

| क.सं. | कार्यविधिको नाम |
|---|---|
| १ | शिवपुरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८१ |

**निर्णय नं. ६ विविधः**

**(क) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना पास सम्बन्धमाः-** चालु आ.व. २०८१/०८२ मा प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तर्गत शिवपुरी रोजगार केन्द्रबाट सञ्चालन हुने तपसिलका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र. स. | वडा नं | आयोजनाको नाम | बजेट | आवश्यक श्रमिक |
|---|---|---|---|---|
| १ | १ | क्याप्ला बिसौनी सडक सोलिङ तथा नाली निर्माण | १४१६०० | २ |
| २ | १ | चङ्गे भुमेथान र रामसिङ चुमेथान मन्दिर पूर्वाधार निर्माण | १४१६०० | २ |
| ३ | २ | करलुङ वडा कार्यालयं घ्याङटोल रोल्चे सम्म मोटर बाटो सोलिङ | २८३२०० | ४ |
| ४ | ३ | गलवती मोटर बाटो मर्मत | २८३२०० | ४ |
| ५ | ४ | स्याउरी भुमि मन्दिर पुर्वाधार निर्माण | २८३२०० | ४ |
| ६ | ५ | कुखुरे गाउँ घर क्लिनिक जाने गोरेटो बाटो निर्माण | १४१६०० | २ |
| ७ | ५ | नेपाने कुलो निर्माण तथा मर्मत | १४१६०० | २ |

CamScanner

| क्र.स. | वडा नं | आयोजनाको नाम | बजेट | आवश्यक श्रमिक |
|---|---|---|---|---|
| ८ | ५ | शिवपुरी आधारभुत अस्पताल परिसर पर्खाल एवं बगैचा निर्माण | १०६२००० | १५ |
| ९ | ५ | बतसल्ला कल्लेरी मुलाबारी हुँदै जानकी मा.बि. सडक मर्मत | २८३२०० | ४ |
| १० | ६ | समुन्द्रा मा.बि. नाला तथा चौर निर्माण | २८३२०० | ४ |
| ११ | ८ | छहरे वन लौके झरनामा बगैचा निर्माण, बृक्षारोपण एवं संरक्षण | २१२४०० | ३ |
| १२ | ८ | गैरीगाउँ थानापती जाने मोटर बाटो मर्मत एवं सरसफाई | ७०८०० | १ |
| | | जम्मा | ३३२७६०० | ४७ |

**(ख) छलफल सम्बन्धमा:-** मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) का परामर्शदाताको तर्फबाट आउनुभएका प्रतिनिधी श्री प्रकाश पौडेलसँग आयोजनाले निर्माण गर्ने विद्युत प्रसारण लाइलको लागि टावरको जग्गा मूल्याङ्कन सम्बन्धमा छलफल गर्दा आगामी दिनमा मुआब्जा उपलब्ध गराउँदा जग्गा धनिले एकिन र यथार्थ परक मुल्य पाउनु पर्ने भनि कार्यालयको तर्फबाट आयोजनाका सरोकार वाला समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**(ग) प्लाष्टिक खरिद भुक्तानी सम्बन्धमा:** अविरल वर्षाका कारण गाउँपालिका क्षेत्रभित्र विपद्मा परेका स्थानीय वासिहरुको अस्थायी रोकथाम तथा वासको लागि वितरण गरिएको तपसिल बमोजिमको प्लाष्टिकको भित्क्तानी गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | प्लाष्टिकको विवरण | फर्मको नाम | भुक्तानी गर्नु पर्ने रकम |
|---|---|---|---|
| १ | UV Resistant Multilayer Tarpolin Size: 6m.x2500m. 55GSM | साईराम ट्रेडर्स, शिवपुरी-८, नुवाकोट | ८,८१,४००।- |
| २ | HDPE UV 500 Micron, Size: 6m.x3000m. 500 Micron | सुपर निर्माण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., तारकेश्वर, काठमाडौं | ७,०६,८१५।- |

**(घ) सम्झौता गर्ने सम्बन्धमा:** गाउँपालिका क्षेत्रभित्रका बासिन्दा र छिमेकी गाउँपालिकाका लागि समेत समेटी आँखाको चेक जाँच गरि उपचार गर्ने, अन्यत्र रेफर गर्ने तथा चश्मा उपलब्ध गराई समुदायलाई आँखा सम्बन्धि उपचार गरि नेत्र ज्योती संरक्षण गर्नका लागि ग्रामिण आँखा केन्द्र सञ्चालनको लागि नेपाल

CamScanner

आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान र शिवपुरी गाउँपालिका बीच सम्झौता गर्ने र आवश्यक कर्मचारी भर्ना एवं कार्यालय व्यवस्थापनका लागि आवश्यक फर्निचर लगायतका सामग्री व्यवस्थापनका लागि कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

(ङ) **कर्मचारी माग सम्बन्धमाः** गाउँपालिकाको स्वीकृत स्थायी दरवन्दी तेरिज बमोजिम रिक्त रहेका तपसिल बमोजिमा पदमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक आयोग, बागमती प्रदेशमा माग आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | माग पदको नाम | पदको तह | सेवा/ समूह/ उपसमूह | कूल माग पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशासन सहायक | सहायकस्तर पाँचौं | प्रशासन/सामान्य प्रशासन | २ | |

अनुसूची - १

(गाउँ कार्यपालिकाको मिति २०८१/०७/०४ गतेको बैठकको निर्णय नं. २ (क) सँग सम्बन्धित)

# शिवपुरी कृषि रुपान्तरण परियोजना

## आ.व.२०८१/०८२ को बार्षिक बजेट तथा कार्ययोजना

| क्र.सं. | क्रियाकलापको नाम | हालको योजना तथा बजेट | | कैफियत |
|---|---|---|---|---|
| | | योजना | कुल बजेट रकम | |
| १ | तालिम | | २,८४२,९८५ | |
| १.१ | समूह संजाल गठन तथा अभिमुखिकरण | ८ | १४,००० | |
| १.२ | समूह व्यवस्थापन तालिम (मुल समूह) | १८ | २०७,००० | |
| १.३ | यूवा समूह गठन तथा अभिमुखिकरण | २ | ७,००० | |
| १.४ | आधारशिला तालिम (मूल समूह) | १८ | ३१५,००० | |
| १.५ | आधारशिला तालिम (उपहार समूह) | २५ | ३३७,५०० | |
| १.६ | तालिम सामग्री छपाई (सामाजिक पूजिं) | १ | ५०,००० | |
| १.७ | क्षमता अभिबृद्धि तालिम | २ | ३०,००० | |
| १.८ | पूर्व सहकारी शिक्षा तालिम (सामुदायिक सहजकर्ता) | १ | २०,००० | |
| १.९ | सहकारी दर्ता तथा संचालन सहयोग | १ | ९०,००० | |
| १.१० | सहकारीको निती, निर्देशिका निर्माण | १ | १००,००० | |
| १.११ | केभ तालिम | ४ | ३८०,००० | |
| १.१२ | जलवायुमैत्री पशु व्यवस्थापन तालिम (मूल समूह) | ९ | १३७,२५० | |
| १.१४ | जलवायुमैत्री पशु व्यवस्थापन तालिम (उपहार समूह) | १३ | १३३,२५० | |
| १.१५ | सुधारिएको ठुला पशु पालन प्रयोगात्मक तालिम (इम्प्रुभड डेरी हजबेन्ड्री) | ४ | ८०,००० | |
| १.१६ | तालिम सामग्री छपाई (पशु कल्याण) | १ | ९२,४८५ | |
| १.१७ | ए आई तालिम | २ | १००,००० | |
| १.१८ | स्थलगत तरकारी उत्पादन तालिम (मोबाइल तालिम) | ३५ | ३५,००० | |
| १.१९ | तरकारी उत्पादन तालिम | ११ | १२१,००० | |
| १.२० | फलफुल बगैचा सुधार क्याम्प | ३ | २१,००० | |
| १.२१ | व्यवसाय व्यवसाय बिच बैठक (वित्तिय संस्थाहरु र साना कृषकहरु बिच) | १ | २५,००० | |
| १.२२ | व्यवसाय व्यवसाय बिच बैठक (विमा कम्पनीहरु र कृषकहरु बिच) | १ | ५,००० | |
| १.२३ | संकलित बजारीकरण (सामुहिक) | ८ | ४०,००० | |
| १.२४ | व्यवसाय व्यवसाय बिच बैठक (बिक्री गर्ने र खरिद गर्ने बिच) | ६ | ६०,००० | |
| १.२५ | परियोजना अनुगमन तथा समन्वय समिति गठन तथा अभिमुखिकरण बैठक | १ | ४०,००० | |
| १.२६ | श्रोत व्यक्ति परिचालन | १६१ | ४०२,५०० | |
| २ | कृषि सामग्री तथा प्रविधि | | ३,०३५,०१५ | |
| २.१ | खोर निर्माण (सानो पशु) | ५२ | ७८०,००० | |
| २.२ | खोर (गोठ) निर्माण (ठुलो पशु) | ५० | ५००,००० | |
| २.३ | भेटेरिनरी सामग्री (बर्डिजो) सानो | ४ | ५०,००० | |
| २.४ | भेटेरिनरी सामग्री (कुल बक्स) | ४ | १८,००० | |
| २.५ | भेटेरिनरी सामग्री (थुनेलो परिक्षण गर्ने किट) | ४ | १०,००० | |
| २.६ | भेटेरिनरी सामग्री (माईक्रोसकोप) | ४ | ५६,००० | |
| २.७ | साना पशुको लागि जुकाको औषधी | ३,५१३ | १०५,३९० | |
| २.८ | ठुला पशुको लागि जुकाको औषधी | १,००० | ५०,००० | |
| २.९ | तरकारी खेतिको लागि मल्चीङ प्लास्टिक (के.जी.) | २,३७५ | ४१५,६२५ | |
| २.१० | कृषि सामग्री (एग्री इकुपमेन्ट एण्ड मटेरियल्स, वाटरिङ्ग क्यान) | १२५ | ५०,००० | |
| २.११ | कृषि सामग्री (एग्री इकुपमेन्ट मेशिन तथा सामग्री, प्लास्टिक ड्रम) | १२५ | १००,००० | |
| २.१२ | तरकारी तथा हाई भ्यालु कृषि प्रदर्शनी प्लट सहयोग | ७ | २८०,००० | |

| क्र.सं. | क्रियाकलापको नाम | हालको योजना तथा बजेट | | कैफियत |
|---|---|---|---|---|
| | | योजना | कुल बजेट रकम | |
| २.१३ | डिजिटल तराजु | १६ | ३२०,००० | |
| | श्रोत केन्द्र स्थापना सहयोग | १ | १५०,००० | Fodder Forage |
| २.१४ | साना कृषि तथा भेटेरिनरी सेवा (टनेल) | १० | १५०,००० | Tunnel Support 6X12 m. |
| ३ | बागवानी तथा दुवानी | | १,१८८,००० | |
| ३.१ | भुई तथा डाले घाँसको विउ सहयोग | ३८ | १९०,००० | |
| ३.२ | भुई तथा डाले घाँसको विरुवा सहयोग | ३८ | ३२३,००० | |
| ३.३ | तरकारीको विउ सहयोग | ५० | १२५,००० | 50 SHGs |
| | फलफुलको विरुवा सहयोग | ५० | ५००,००० | |
| ३.४ | तरकारीको विउ सहयोग (अकबरेको बिउ) | ३ | ५०,००० | |
| ४ | पशु तथा दुवानी | | १,२८४,००० | |
| ४.१ | बाखा उपहार | ६० | ६००,००० | |
| ४.२ | बिउ बोका उपहार | १८ | ६८४,००० | |
| ५ | प्राविधिक सेवा | | १,१५०,००० | |
| ५.१ | पि.एस.आर.पी. समूह स्तर | १८ | ६३,००० | |
| ५.२ | दुध उत्पादन क्षेत्रमा बाझोंपन नियन्त्रण क्याप | १ | ३०,००० | |
| ५.३ | व्यावसायी कृषकहरुको लागि अनुदान | १५ | ६००,००० | |
| ५.४ | बैंक तथा वित्तिय संस्थाहरु संगको बैठक र सम्झौता | १ | १५,००० | |
| ५.५ | वडा स्तरिय पिएमसि गठन तथा अभिमुखिकरण बैठक | ८ | ६४,००० | |
| ५.६ | पालिका स्तरिय पिएमसिसि बैठक | २ | ६०,००० | |
| ५.७ | पिएमसिसि तथा सरोकारवालाहरुको फिल्ड भ्रमण | ३ | १५०,००० | |
| ५.८ | वडा स्तरिय पिएमसि बैठक | १६ | १२८,००० | |
| ५.९ | एक स्वास्थ्य सचेतिकरण कार्यक्रम | २ | २०,००० | |
| ५.१० | मिडिया परिचालन | १ | २०,००० | |
| | जम्मा | | ९,५००,००० | |

CamScanner

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५ | विवेक गिरी | आन्तरिक लेखा परिक्षक | |
| ६ | गोकुल देव जोसी | सव-इन्जिनियर | |
| ५ | रमेश कंडेल | सव-इन्जिनियर | |
| ६ | नवराज कार्की | अ. सव-इन्जिनियर | |
| | | | |
| | | | |
| | | | |

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ प्रतिवेदन पास गर्ने सम्बन्धमाः-** गाउँपालिका क्षेत्रबाट बग्ने लिखु खोला र यसको सहायक खोलाबाट समेत नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासी गर्ने प्रयोजनका लागि भूगर्भविद् समेतको विज्ञ टोलिले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरि तयार पारिएको प्रतिवेदन यस पूर्व कार्यपालिकामा प्रस्तुत गरि तयार पारिएको अन्तिम प्रतिवेदन पास गर्ने निर्णय गरियो । साथै प्रतिवेदनमा उल्लेख भए वमोजिमको परिणाम कायम गरि नदिजन्य पदार्थ उत्खनन्, संकलन र विक्रिका लागि प्रस्ताव आव्हान गरि सूचना प्रकाशन गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो । प्रतिवेदनको पूर्ण विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

**निर्णय नं. २ विविधः** निर्णय नं. १ को विवरण माथि छलफल एवं निर्णय गर्दै आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

CamScanner